प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

# सम्पन्न आयोजना हस्तान्तरण कार्यविधि, २०८२

## भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर

प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

## सम्पन्न आयोजना स्थानीय तहलाई हस्तान्तरण गर्ने सम्बन्धमा बनेको कार्यविधि

<u>प्रस्तावनाः</u> भौतिक पूर्वाधार विकास मन्त्रालय वा मातहतका कार्यालयबाट निर्माण सम्पन्न भएका पुँजीगत प्रकृतिका भवन, झोलुङ्गेपुल, सडक, सडकपुल लगायत शहरी पूर्वाधारका आयोजना स्थानीय तहलाई हस्तान्तरण गरी सञ्चालन र व्यवस्थापन गर्न, प्राप्त आम्दानी बाँडफाँट गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "सम्पन्न आयोजना हस्तान्तरण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्‌लाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशलाई सम्झनुपर्छ।

(ग) "मातहतका कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालयहरु सम्झनुपर्छ।

(घ) "सम्पन्न आयोजना" भन्नाले मन्त्रालय र मातहतका कार्यालयबाट निर्माण सम्पन्न भएका पुँजीगत प्रकृतिका भवन, झोलुङ्गेपुल, सडक, सडकपुल लगायत शहरी पूर्वाधारका आयोजना सम्झनुपर्छ।

(ङ) "स्थानीय तह" भन्नाले आयोजना संचालन भएको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

३. <u>आयोजना हस्तान्तरणः</u> (१) मन्त्रालय वा मातहतका कार्यालयबाट सम्पन्न आयोजना मन्त्रालयले निर्णय गरी स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा समझदारी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम समझदारी पत्र नेपाली कागजमा दुई प्रति तयार गरी एक/एक प्रति मन्त्रालय र स्थानीय तहले राख्नुपर्नेछ।

(४) मन्त्रालयको तर्फबाट प्रदेश सचिव वा प्रदेश सचिवले तोकेको कर्मचारीले समझदारी पत्रमा हस्ताक्षर गर्नु पर्नेछ र स्थानीय तहको तर्फबाट कार्यपालिकाको बैठकको निर्णयबाट तोकिएको प्रतिनिधिले हस्ताक्षर गर्नु पर्नेछ।

(५) समझदारी पत्र दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट लागू हुनेछ।

४. <u>आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः</u> (१) दफा ३ बमोजिम आयोजना हस्तान्तरण भएपश्चात् स्थानीय तहले समझदारीमा भएका शर्तहरुको अधिनमा रही हस्तान्तरित आयोजना व्यवस्थापन तथा सञ्चालन गर्नु पर्नेछ।



प्रदेश सचिव

(२) हस्तान्तरीत आयोजनाको संरचनाको संरक्षण, नियमित मर्मत संभार, सुरक्षा, व्यवस्थापन लगायत सम्पूर्ण जिम्मेवारी आयोजना प्राप्त गर्ने स्थानीय तहले गर्नुपर्नेछ।

(३) आयोजना हस्तान्तरण भएपश्चात् आयोजना सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन आयोजना प्राप्त गर्ने स्थानीय तहले गर्नुपर्नेछ।

(४) सम्पन्न आयोजना स्थानीय तहले समझदारीमा उल्लेखित भन्दा फरक प्रयोजनमा ल्याउन पाउनेछैन।

(५) आयोजना संचालन गर्ने क्रममा कुनै भौतिक पूर्वाधार थप गर्नुपर्ने अवस्था भएमा मन्त्रालयको सहमतिमा भौतिक संरचना थप गर्न सकिनेछ।

५. <u>आम्दानी बाँडफाँटः</u> (१) हस्तान्तरण भएको सम्पन्न आयोजना आम्दानी प्राप्त गर्ने प्रकृतिको रहेको हकमा प्राप्त आम्दानीको बाँडफाँट सम्बन्धी व्यवस्था कोशी प्रदेश आर्थिक ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (२) बमोजिम कानूनमा व्यवस्था नभएसम्मको लागि आयोजनाबाट प्राप्त आमदानीको साठी (६०) प्रतिशत आयोजना प्राप्त गर्ने स्थानीय तहलाई र चालिस (४०) प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट गरिनेछ।

(३) प्रदेश सरकारलाई प्राप्त हुने आम्दानी सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

६. <u>हस्तान्तरण फारमः</u> यस कार्यविधि बमोजिम सम्पन्न आयोजना हस्तान्तरण गर्दा अनुसूची-२ बमोजिमको हस्तान्तरण फारम अनुसारको विवरण भरी एक/एक प्रति मन्त्रालय र स्थानीय तहले राख्नुपर्नेछ।

७. <u>सार्वजानिक सूचना बोर्डको नमूनाः</u> आयोजना स्थानीय तहलाई हस्तान्तरण गरीसकेपछि आयोजना प्राप्त गर्ने स्थानीय तहले अनुसूची-३ बमोजिमको आयोजनाको विवरण सहितको सार्वजानिक सूचना बोर्ड राख्नुपर्नेछ।

८. <u>अनुगमनः</u> मन्त्रालय वा मातहतका कार्यालयले हस्तान्तरण भएका सम्पन्न आयोजना आवश्यकतानुसार अनुगमन गर्ने सक्नेछ।

९. <u>अनुसूचीमा हेरफेर गर्नेः</u> मन्त्रालयले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउनेः</u> यो कार्यविधि को कार्यान्वयनमा कुनै बाधा आइपरेमा प्रदेश मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. <u>प्रचलित कानुनबमोजिम हुनेः</u> यस कार्यविधि मा लेखिएका विषयहरूमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. <u>कार्यविधि उल्लङ्घनः</u> यो कार्यविधिको शर्त उल्लङ्घन गर्न नहुने र उल्लङ्घन भएमा प्रदेश सरकारले आवश्यक निर्णय गर्न सक्नेछ।

प्रमुख सचिव

प्रदेश सचिव

अनुसूची - १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>मन्त्रालय र स्थानीय तहबीच भएको आयोजना हस्तान्तरण समझदारी पत्र</u>

......................... (मन्त्रालय) (यसपछि "मन्त्रालय" भनिएको) र ......................... (आयोजना सञ्चालन गर्ने स्थानीय तह) (यसपछि "स्थानीय तह" भनिएको) बीच "सम्पन्न आयोजना हस्तान्तरण कार्यविधि, २०८२" को अधिनमा रही मिति ........./......./...... गते देहायका आयोजना देहायका शर्तहरु सहित हस्तान्तरण गर्ने समझदारी गरिएको छ।

**<u>आयोजनाको विवरण</u>**

१. आयोजनाको नामः

२. आयोजनाको वर्गिकरणः

- आम्दानीमूलक वा सेवामूलक

३. आयोजनाको विवरणः

- निर्माण लागत
- सम्पन्न मिति
- स्पेशिफिकेशन
- सडकको हकमाः
  - लम्बाइ, चौडाइ
  - सडकको वर्गिकरण (कालोपत्रे, ग्राभेल)
  - सडकको क्षमता
- पुलको हकमाः
  - लम्बाइ, चौडाइ
  - पुलको वर्गिकरण
  - सडकको क्षमता
- भवनको हकमाः
  - क्षेत्रफल (वर्ग फिट)
  - तल्ला
  - प्रदेश भवन ऐन, २०७६ बमोजिमको भवनको वर्गिकरण (क, ख, ग, घ)

४. प्राप्त मितिः

५. हालको भौतिक अवस्थाः

__शर्तहरु__

१. यस समझदारी पत्र दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट लागू हुनेछ।

२. स्थानीय तहले समझदारी बमोजिमका शर्तहरुको अधिनमा रही आयोजना (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि तर्जुमा गरी हस्तान्तरित आयोजना व्यवस्थापन तथा सञ्चालन गर्नु पर्नेछ।

३. प्रदेश सरकारद्वारा हस्तान्तरित उक्त आयोजनाको संरक्षण, नियमित मर्मत संभार, व्यवस्थापन, सुरक्षा लगायत सम्पूर्ण जिम्मेवारी आयोजना प्राप्त गर्ने स्थानीय तहले गर्नुपर्नेछ।

४. हस्तान्तरित भएको भवन वा भौतिक संरचनाको हकमा स्थानीय तहले हस्तान्तरण गरिएको प्रयोजन भन्दा फरक प्रयोगमा ल्याउन पाउनेछैन।

५. आयोजना संचालन गर्ने क्रममा कुनै भौतिक पूर्वाधार थप गर्नुपर्ने अवस्था भएमा मन्त्रालयको सहमतिमा भौतिक संरचना थप गर्न सकिनेछ।

६. समझदारी गरी हस्तान्तरण भएको सम्पन्न आयोजना आम्दानी प्राप्त गर्ने प्रकृतिको रहेको हकमा प्राप्त आम्दानीको बाँडफाँट सम्बन्धी व्यवस्था कोशी प्रदेश आर्थिक ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ र कानूनमा व्यवस्था नभएसम्मको लागि त्यस्ता आयोजनाबाट प्राप्त आमदानीको साठी (६०) प्रतिशत आयोजना प्राप्त गर्ने स्थानीय तहलाई र चालिस (४०) प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट गरिनेछ।

७. स्थानीय तहले प्रदेश सरकारको आम्दानी प्रदेश सञ्चित कोषमा त्रैमासिक रुपमा जम्मा गर्नु पर्नेछ। यसरी आम्दानी जम्मा नगरेमा प्रदेशले सम्बन्धित स्थानीय तहमा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट कटौती गर्न सक्नेछ।

८. अन्य समझदारी भए उल्लेख गर्ने।

__संलग्न कागजातहरु:__

१. **As Built drawing** (एस् विल्ट ड्रईङ्ग)

२. अन्य कागजातहरु।

| __मन्त्रालय__ | __स्थानीय तह__ |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| फोनः | फोनः |
| मितिः | मितिः |

अनुसूची - २

(दफा ६ सँग सम्बन्धित)

हस्तान्तरण फारम

श्री ........................ (स्थानीय तह)।

श्री ........................ मन्त्रालय अन्तर्गतको देहाय आयोजना सम्पन्न भएकोले "सम्पन्न आयोजना हस्तान्तरण कार्यविधि, २०८२" को अधिनमा रही सो आयोजना हस्तान्तरण गरी दिइएको छ।

| क्र.सं. | आ.व. | आयोजनाको विवरण | स्पेशिफिकेशन | परिमाण | ईकाई | जम्मा लागत रकम (भेरिएशन सहित) | शुरुको सम्झौता रकम | निर्माण व्यवसाय मार्फत गरिने मर्मत सम्भार अवधि | हालको भौतिक अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| | | | | | | | | | |

संलग्न कागजातहरु:

हस्तान्तरण गर्ने
दस्तखतः
नाम थरः
पदः
फोनः
मितिः

निर्माण कार्य गराउने निर्माण व्यावासायी
दस्तखतः
नाम थरः
फोनः
मितिः

बुझिलिने स्थानिय तह
दस्तखतः
नाम थरः
पदः
फोनः
मितिः

रोहवरः
दस्तखतः
नाम थरः
पदः
फोनः
मितिः

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर
प्रमुख सचिव
प्रदेश सचिव

अनुसूची - ३

(दफा ७ सँग सम्बन्धित)

<u>सार्वजानिक सूचना बोर्डको नमूना</u>

प्रमुख सचिव

← १.५ फिट →



# कोशी प्रदेश सरकारद्वारा निर्मित

## आयोजनाको नाम

### निर्माण सम्पन्न मिति

### निर्माण लागत

### आयोजना संचालन गर्ने निकाय

↕ १ फिट

१. यस बोर्ड १.५ फिट × १ फिट (लम्बाई × चोडाई) को फलामको प्लेटको हुनुपर्ने।
२. यस बोर्डको रङ्ग सुनौलो रङ्गको हुनुपर्ने।
३. यसमा लेखिने अक्षरमा रातो र कालो रङ्ग प्रयोग गरिने।
४. अक्षरमा नेपाली कालिमाटी फन्ट (Unicode Bold Font) प्रयोग गर्नुपर्ने।
५. यस बोर्डको दाँयापट्टी माथि कोशी प्रदेशको नक्शा २ ईन्च × २ ईन्च (लम्बाई × चोडाई) को रहने।
६. माथिल्लो भागमा फन्ट साइज ७२ मा "कोशी प्रदेश सरकारद्वारा निर्मित" लेख्ने।
७. सो भन्दा तल फन्ट साइज ३६ मा आयोजनाको नाम लेख्ने।
८. सो भन्दा तल फन्ट साइज २४ मा निर्माण भएको मिति लेख्ने।
९. सो भन्दा तल फन्ट साइज २४ मा निर्माण लागत लेख्ने।

प्रदेश सचिव